**कमलामाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, सिन्धुली**

**पार्किङ्ग शुल्क ठेक्काबाट उठाउने कार्यको दरभाउ-पत्र आव्हान सम्वन्धी सूचना ।**

**प्रथम पटक प्रकाशन मिति २०७६/०३/१२**

यस कमलामाई नगरपालिका वडा नं.-६ वसपार्क क्षेत्रमा पार्किङ्ग गरीएका सवारी साधनहरुमा २०७६ साल श्रावण देखी २०७७ साल आषढ मसान्त सम्म) को लागि ठेक्का प्रथावाट पार्किङ्ग शुल्क असुल गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ । सुचनामा देहायको शर्तको अधिनमा रही रितपुर्वक गोप्य शिलवन्दी दरभाउ-पत्र पेश गर्न हुन सुचित गरिन्छ ।

१.इच्छुक व्यक्ति वा दर्तावाल संघ/संस्थाले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय सम्म व्यक्तिका हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र संस्थको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि आ.व. ०७४/०७५ को कर चुक्ताको प्रमाण पत्र लगायतका कागजात संलग्न गरी निवेदन साथ रु. १०००।-(एक हजार ) फिर्ता नहुने गरी बुझाई यस कार्यालयको राजश्व शाखावाट दरभाउ-पत्र -मिति २०७६/३/२६ गते सम्म) खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०७६/३/२७ गत) दिनको १२:०० वजे भित्र गोप्य सिलवन्दी दरभाउ-पत्र क.न.पा.कार्यालय सिन्धुलीमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय भित्र दर्ता हुन आएका दरभाउ-पत्र सोही दिनको २:०० वजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा क.न.पा.कार्यालय, सिन्धुलीमा खोलिनेछ । उक्त समयमा दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न सकिनेछ ।

३. दरभाउ- पत्रसाथ आफुले कवुल गरेको अंकको २.५% का दरले हुन आउने रकम यस क.न.पा. कार्यालयको रा.वा.वैंक सिन्धुली स्थित धरौटी खाता नं. ग ३-१( १०६०३०३००७१०२) धरौटीमा जम्मा गरेको सक्कल भौचर संलग्न गरी आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट वुझिने गरी लेखी सहीछाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. दरभाउ-पत्र स्वीकृत हुने दरभाउ-पत्रदाताले ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंक वरावरको वैंक ग्यारेटी, (२०७७ साल श्रावण मसान्त सम्म म्याद भएको ) पेश गर्नु पर्ने वा अग्रिम नगदै भुक्तानी गरी ठेक्का सम्झौता गर्नु पर्ने छ । अन्यथा धरौटी जफत गरिनेछ ।

५. दरभाउ-पत्रदाताले दरभाउ-पत्र साथ संलग्न आर्थिक ऐनको अनुसूचि ८ मा उल्लेख भए वमोजिमको दररेटमा मात्र रकम असुल गर्न पाउनेछ ।

६. दरभाउ-पत्र विक्री ,दर्ता वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सो कार्य गरिनेछ ।

७. विविध कारणले पार्किङ्ग शुल्क नउठेमा मिनाहाको लागि दावी गर्न पाइने छैंन् ।

८. दरभाउ-पत्र दाताले कवोल अंक अग्रिम रुपम एकमुष्ट नगद वुझाएमा कुल रकमको ५% ले हुन आउने रकम छुट्ट दिईनेछ ।

९. अग्रिम नगद भुक्तानी नगरेको अवस्थामा दरभाउ-पत्रको अंकलाई तीन किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै वखतमा र अन्य किस्ता प्रत्येक चौमासिकको शूरुमा वुझाउनुपर्नेछ । म्याद भित्र किस्ता रकम नवुझाएमा उक्त तिर्न वाँकी रकममा न.पा.ले १०%का हिसावले थप जरिवाना लिन सक्नेछ ।

१०.सरकारी सवारी साधनमा पाकिङ्ग शुल्क लिन पाईनेछैन ।

११. वसपार्क क्षेत्र भन्नाले वसपार्क र क.न.पा कार्यालय अगाडिको पार्कको दक्षिण पट्टिको खुल्ला क्षेत्रलाई जनाउछ ।

१२.दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

१३. अन्य कुरा प्रचलित आर्थिक ऐन, नियम अनुसार हुनेछ । विस्तृत कुरा वुझ्न परेमा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१४. पार्किङ्ग शुल्कको न्युनतम अंक रु. १०,०००००।- (दश लाख) मात्र कायम गरिएकोछ ।

**प्रमुख प्रशासकिय अधिकृत**